# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०४।१४ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला दैलेख, भगवतीमाई गाउँपालिका वडा नं.३ सान्टडा खोला तटवन्धन निर्माण योजनाको कार्य सम्पन्न गरी भुक्तानीमा सहज गरी दिने भनी खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय दैलेखका सव-इन्जिनियर द्वय विरेन्द्र चन्द र रन्जित कुमार श्रेष्ठसमेतले रनिङ बिलको पहिलो भुक्तानी दिने क्रममा सेवाग्राहीसँग घुस/रिसवतवापत रु. ४५,०००।—(पैतालीस हजार) लिएको भन्ने प्रतिवेदन सम्बन्धमा अनुसन्धान हुँदा खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय दैलेखमा कार्यरत सव-इन्जिनियर द्वय विरेन्द्र चन्द र रन्जित कुमार श्रेष्ठले आपसी मिलेमतोमा सेवाग्राहीसँग रनिङ बिल भुक्तानीको क्रममा रु. ४५,०००।— घुस/रिसवत लिएको पुष्टि हुन आएकोले निजहरु विरेन्द्र चन्द र रन्जित कुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिंदा निजहरुलाई बिगो रु. ४५,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुनका साथै निजहरुबाट बिगो रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत हुन समेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता<br>
तारानाथ अधिकारी